जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ | अंक ३४ | २०८० साल भदौ ११ गते सोमबार (28 Aug. 2023 Monday) | मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*




*यस अंक भित्र :* २ पृष्ठमा : नौ वर्षमा थपियो तीन हजार एक सय. ३ पृष्ठमा : सांसदहरुको आह्वान : सामाजिक.. ३ पृष्ठमा : भारतसँग मङ्गल र...

# अपहरण, शरीर बन्धक तथा डाका मुद्दाका आरोपी दास पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १० भदौ ।**

सुनसरी जिल्लाका दुई जनालाई धाकधम्की दिएर रकम असुल गरेको आरोपमा प्रहरीले राजविराजका एक व्यक्तिलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा राजविराज वडा नं. १ का अजय कुमार दास रहेको प्रहरीले जनाएको छ । पक्राउ परेका दासलाई प्रहरीले अपहरण, शरीर बन्धक तथा डाका मुद्दामा मुद्दामा चलाएको प्रहरी नायब उपरिक्षक नरेश कुमार सिंहले जानकारी दिएका छन् ।

प्रहरीका अनुसार गत साउन २९ गते आफ्नो व्यवसायीक कामको सिलसिलामा राजविराज आएका धरान निवासी एक महिला र पुरुष म्याजिक चढेर घर जाने क्रममा रुपनीतर्फ जाँदै गरेको अवस्थामा मोटरसाइकल चढेर आएका दाससहितका केही व्यक्तिहरुले युनिक अस्पताल नजिकबाट अपहरण गरेका थिए । सो क्रममा दुबै जनालाई म्याजिकबाट ओरालेर धाकधम्कि दिई उनीहरुको साथमा रहेको ९७ हजार नगद र महिलाका श्रीमानलाई सोही समयामा फोन गरी मोवाइल वैंकिङ मार्फत थप १ लाख फिरौति मागे गरेको प्रहरीले जनाएको छ ।



पक्राउ परेका राजविराज वडा नं. १ का अजय कुमार दास

फिरौति रकम प्राप्त भएपछी उनीहरु घटनास्थलबाट फरार भएपछि प्रहरीले उक्त घटनामा संलग्न मध्ये दासलाई पक्राउ गरि थप अनुसन्धान अगाडी बढाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# धार्मिक सहिष्णुता कायम राख्न उपप्रधानमन्त्री श्रेष्ठको आग्रह

वीरगञ्ज, १० भदौ (रासस) ।

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले जातीय तथा धार्मिक सहिष्णुता कायम राख्न सबैसँग आग्रह गर्नुभएको छ ।

प्रेस सेन्टर नेपाल पर्साले आइतबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृति विशेषतायुक्त नेपालको पहिचान भएकाले विधितासहितको एकतालाई कायम राख्न सबैसँग आग्रह गर्नुभयो ।

धर्म, संस्कृति र परम्परा एकअर्काको आस्था, भावना तथा परम्पराप्रति सहिष्णुतासहित सामाजिक सद्भाव र राष्ट्रिय एकताको पक्षमा उभिन सबैसँग आग्रह गर्दै गृहमन्त्री श्रेष्ठले सामाजिक सद्भाव बिगार्ने र एकता भत्काउनेमाथि सरकारले सविंधान तथा कानुन बमोजिम कारबाही गर्ने चेतावनीसमेत दिनुभयो ।

भ्रष्टाचारको अन्त्य गरी मुलुकमा सुशासन कायम गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै उहाँले सुन तस्करी र ललिता निवास जग्गा प्रकरणलाई अन्तिम निष्कर्षमा पुऱ्याइ दोषीलाई कानुनी कठघरामा उभियाउने दृढतासमेत व्यक्त गर्नुभयो ।

"सुन तस्करी सन्दर्भमा सुरुमा राजस्व अनुसन्धान विभागले अनुसन्धान गऱ्यो, अहिले सिआईबीले अनुसन्धान गरिरहेको छ", गृहमन्त्री श्रेष्ठले भन्नुभयो, "सिआईबीको अनुसन्धान सकेपछि त्यसबारे कानुनी र संरचनागत अन्य छानबिन गरी उपयुक्त निष्कर्ष निकालेर उच्चस्तरीय छानबिन प्रक्रियामा पनि हामी जानेछौ ।"

ललिता निवासको जग्गा व्यक्तिको नाममा गर्ने कार्यको सिआईबीले अनुसन्धान गरी सरकारी वकिल कार्यालयलाई प्रतिवेदन बुझाइसकेको र सरकारी वकिल कार्यालयले समेत छिट्टै प्रक्रिया अघि बढाउन लागेको उहाँले बताउनुभयो ।

सरकारले सुशासन, सम्वृद्धि र सामाजिक न्यायलाई केन्द्रीत गरी काम अघि बढाएको उल्लेख गर्दै उहाँले राजनीतिक परिवर्तनलाई साधन र माध्यम बनाएर जनताको जीवनस्तरमा नयाँ खालको परिवर्तनको अनुभूति गराउन सरकारको ध्यान केन्द्रीत रहेको बताउनुभयो ।

गौर हत्याकाण्डका विषयमा पत्रकारहरुले गरेको प्रश्नको जवाफमा गृहमन्त्री श्रेष्ठले भन्नुभयो, "अनुसन्धान रोकिएको होइन्, अनुसन्धानका क्रममा थप केही कुरा बुझ्नुपर्ने हुन्छ, त्यसैले थप अनुसन्धान भइरहेको छ, यस बारेमा उचित निर्णय लिएर अघि बढ्छौं ।"

# सुन तस्करी प्रकरणमा प्रहरीले माग्यो इन्टरपोलको सहयोग

काठमाडौं १० भदौ (रासस) ।

नेपाल प्रहरीले सुन तस्करी प्रकरणमा विदेशी नागरिकहरूको समेत संलग्नता देखिएकाले इन्टरपोलको सहयोग मागेको छ ।

सुन तस्करी प्रकरणको अनुसन्धान गरिरहेको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले अन्तर्राष्ट्रिय प्रहरी सङ्गठन (इन्टरपोल)लाई सहयोगका लागि पत्राचार गरेको छ । प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले इन्टरपोल हङ्कङ र भारतलाई सहयोगका लागि पत्राचार गरिएको जानकारी दिनुभयो ।

गत साउन ३ गते हङ्कङबाट ल्याइएको ६० किलो सात सय १६ ग्राम सुन राजस्व अनुसन्धान विभागले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय अगाडिबाट बरामद गरेको थियो । त्यसपछि अहिले सुन प्रकरणको अनुसन्धान सिआइबीले गरिरहेको छ । सिआइबीले हिजोमात्रै सुन प्रकरणका आवश्यक सूचना र जानकारी भए उपलब्ध गराइदिन अनुरोधसमेत गरेको छ ।

सुन प्रकरणमा भारतीय र चिनियाँ नागरिकसमेत संलग्न रहेको भन्दै त्यहाँ रहेको इन्टरपोलसँग समन्वयका लागि पत्राचार गरिएको प्रहरीको भनाइ छ । सुन प्रकरणमा संलग्न २३ जनालाई पक्राउ गरी प्रहरीले अनुसन्धान गरिरहेको छ ।

# गाई/गोरुको हत्या गरी भोज आयोजना गर्ने क्रियाकलाप संविधान विपरीत : मधेशी आयोग




**दैनिक समाचारदाता**
**राजविराज, १० भदौ ।**

मधेसी आयोगले सरकारसहित सम्बन्धित सबै पक्षलाई गाई-गोरु हत्या गरी सार्वजनिक भोजको आयोजना गर्नेलाई अविलम्ब कानुनी दायरामा ल्याई कारबाही गर्न ध्यानाकर्षण गराएको छ ।

आयोगका अध्यक्ष डा. विजयकुमार दत्तद्वारा आइतबार जारि एक प्रेस विज्ञप्तिमा सुनसरीको धरानमा गाई/गोरुको हत्या गरी सार्वजनिक रूपमा भोज आयोजना गर्ने क्रियाकलाप संविधान विपरीत रहेकोले दोषीलाई तुरुन्त कानुनी कारबाही गरी सामाजिक तथा धार्मिक सद्भाव कायम गर्न सम्बन्धित सबै पक्षलाई ध्यानाकर्षण गराएको हो ।

विज्ञप्तिमा संविधानमै गाईलाई राष्ट्रिय जनावर उल्लेख गरिएको हुनाले सो कुरालाई सबै जात-जाति तथा धर्मका व्यक्तिहरूले सम्मान गर्नुपर्ने जनाउँदै राष्ट्रिय जनावरको हत्या गर्नु भनेको संविधान माथि नै प्रहार गर्नु सरह भएकोले त्यस्ता संविधान विपरीत कार्य गर्ने जो-कोहिलाई पनि यथाशीघ्र कारबाही गर्नुपर्ने कुरा माथि जोड दिएको छ ।

सुनसरी घटनालाई आयोगले गम्भीरतापूर्वक हेरिरहेको र सो घटनाको दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन आयोगले आवश्यक पहल गर्ने समेत विज्ञप्तिमा उल्लेख छ ।

**बालअधिकारप्रति संवेदनशील बनौं ।**

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं ।

बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### हुलाकी मार्गको निर्माण सहयोग पुऱ्याऔं

विगत लामो समयदेखी हुलाकी राजमार्ग अन्तरगतका सडकहरु निर्माण कार्य भइरहेको छ । जसअन्तरगत सप्तरीमा पर्ने हुलाकी राजमार्ग अन्तरगतका सडकहरुको काम लगभग सम्पन्न हुने अवस्थामा पुगेको छ । तर, निर्माण हुन नसकेका केही सडकहरु अहिले निकै कहालिलाग्दो अवस्थामा पुगेको छ । ती सडकमा वर्षाको बेला आवतजावत नै ठप्प हुने गरेको छ । वर्षाका कारण हिलाम्बे हुने गरेको उक्त सडकखण्डमा पैदल यात्री हिड्न सक्दैनन् । सवारीसाधनहरु बीच बाटोमै हिलोमा फस्ने गरेको छ । जिल्लाको सिरहा रोडस्थित हुलाकी मार्गमा अहिले सोही समस्याका कारण सवारीसाधनहरुले निकै सास्ती ब्यहोर्नु परिरहेको छ ।

यस्तै सो मार्ग अन्तरगत राजविराजस्थित राम मन्दिरदेखी छिन्नमस्ता डेरीसम्मको बाटो निर्माण कार्य केही स्थानीयका कारण अवरोध हुदै आएको थियो । तर राजविराज नगरपालिका र स्थानीय प्रशासनको प्रयासमा सो सडकखण्डमा पनि अब चाडै निर्माण कार्य हुने भएको छ । त्यस्तै राजविराज कै हनुमान मन्दिरदेखी वडा नं. १ चनौरासम्मको बाटोमा सोही समस्याका कारण निर्माण कार्यमा ढिलाई भएकोमा अब सो समस्या समाधान भएपछि निर्माण कार्यले गति लिने तरखरमा छ । यसरी यी सडकहरुको निर्माण कार्य सम्पन्न भएपछि सप्तरी अन्तरगतको हुलाकी मार्ग करिब सम्पन्न हुनेछ । केही स्थानमा पुल बन्न बाँकी रहेकोले सो कार्य पनि सम्पन्न हुने सम्बन्धीत पक्षले जनाएको छ । यी अधुरा सडकहरुको निर्माण कार्य सम्पन्न भएपछि सप्तरी जिल्लाबाट अन्य जिल्ला पुग्न छोटो समय लाग्ने र भारतीय सीमानाबाट समानहरु निर्यात र आयात गर्न सजिलो हुने विश्वास गर्न सकिन्छ ।

तसर्थ विकासीय कार्यमा कोही कसैले अवरोध नगरि यस्ता कार्यमा सबैको सहयोग आवश्यक छ । अनिमात्र विकासले फड्को मार्ने र जिल्लाको विकासमा ठेवा पुग्ने विश्वास गर्न सकिन्छ ।

# नौ वर्षमा थपियो तीन हजार एक सय सर्किट किलोमिटर प्रसारण लाइन

काठमाडौँ, १० भदौ (रासस) ।

बिजुलीको सहज प्रसारण तथा वितरणका लागि सरकारले प्रमुख प्राथमिकताका साथ प्रसारण लाइन निर्माण अगाडि बढाएको छ । आन्तरिक तथा बाह्य रुपमासमेत सहज बिजुली प्रवाहका लागि प्रसारण महासञ्जाल निर्माणमा सरकारले गरेको लगानीको प्रतिफलसमेत क्रमशः देखिन थालेको छ ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले प्रसारण लाइन निर्माणलाई महत्वका साथ अगाडि बढाएको जनाएको छ । कार्यान्वयन गर्ने निकायका रुपमा रहेको नेपाल विद्युत् प्राधिकरणले प्रसारण लाइन निर्माणलाई प्राथमिकतामा राखेको जनाएको छ । नेपालको विद्युत् प्रसारण प्रणालीमा विगत नौ वर्षमा तीन हजार एक सय १८ किलोमिटर सर्किट प्रसारण लाइन थपिएको प्राधिकरणको भनाइ छ ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले प्रसारण लाइन निर्माणलाई तीव्रगतिमा अगाडि बढाउन र त्यसमा देखिएका समस्या समाधानका लागि प्रभावकारी रुपमा क्रियाशील हुन प्राधिकरण र सम्वद्ध निकायलाई निर्देशन दिनुभएको छ । लोडसेडिङको अन्त्यपछि विद्युतीकरण र उपभोक्तालाई पर्याप्त, भरपर्दो, गुणस्तरीय तथा सुरक्षित विद्युत् आपूर्तिलाई उच्च प्राथमिकतामा राखी काम गरिरहेको प्राधिकरणले प्रसारण र वितरणतर्फका पूर्वाधार विस्तार र सुधारलाई व्यापक रुपमा अगाडि बढाएको छ ।

प्राधिकरणले प्रसारण र आयोजना व्यवस्थापन निर्देशनालयमार्फत प्रसारण लाइन तथा सबस्टेसन आयोजना निर्माण गरिरहेको छ । विद्युत्गृहबाट उत्पादित विद्युत् ग्राहकको घरसम्म पुऱ्याउन प्रसारण तथा वितरण लाइन र सबस्टेसन आवश्यक पर्दछ ।

विगत नौ वर्षमा ग्रीड सबस्टेसनको क्षमता आठ हजार आठ सय ६७ एमभिए पुगेको छ । नौ वर्षअघि अर्थात् आर्थिक वर्ष २०७१/७२ मा सबस्टेसनको क्षमता दुई हजार एक सय ३२ एमभिए मात्र रहेकोमा आव २०७९/८० मा आइपुग्दा सबस्टेसनको क्षमता छ हजार सात सय ३५ एमभिए बढेको हो ।

आव २०७१/७२ मा ६६ र एक सय ३२ केभीबाट मात्र विद्युत् प्रसारण भइरहेकोमा अहिले ६६, १३२, २२० र ४०० केभी लाइन सञ्चालनमा छन् । आव २०७१/७२ मा दुई हजार छ सय २४ सर्किट किलोमिटर प्रसारण लाइनमा रहेकोमा हाल तीन हजार एक सय १८ सर्किट किलोमिटर थपिएर आव २०७९/८० मा पाँच हजार सात सय ४२ सर्किट किलोमिटर पुगेको छ ।

आव २०७२/७३ सम्म ६६ र एक सय ३२ केभी लाइन मात्र प्रसारण लाइन रहेकोमा आव २०७३/७४बाट २२० र ४०० केभी प्रसारण लाइन सञ्चालनमा आएका हुन् । अहिले प्रणालीमा ६६ र १३२ केभी प्रसारण लाइनको लम्बाइ क्रमश : पाँच सय १४ र तीन हजार नौ सय ७९ सर्किट किलोमिटर छ ।

यसैगरी, दुई सय २० र चार सय केभी प्रसारण लाइनको लम्बाइ क्रमश : एक हजार एक सय एक र एक सय ४८ सर्किट किलोमिटर छ । आव २०७५/७६ मा सबैभन्दा बढी अर्थात छ सय छ सर्किट किलोमिटर प्रसारण लाइन थपिएको छ भने आव २०७४/७५ मा सबैभन्दा कम एक सय ४१ सर्किट किलोमिटर लाइन थपिएको छ । गत आवमा चार सय १३ किलोमिटर सर्किट किलोमिटर प्रसारण लाइन प्रणालीमा थपिएको छ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्राविधिक कारणले समय-समय विद्युत् गएको भन्ने उपभोक्ताको गुनासोलाई सम्बोधन गर्न तथा पर्याप्त, भरपर्दो, गुणस्तरीय तथा सुरक्षित विद्युत् आपूर्तिका लागि विगतका वर्षबाट प्रणालीका पूर्वाधार संरचनाको सुधार र सुदृढीकरणलाई योजनावद्ध रुपमा अगाडि बढाएर कार्यान्वयन लगिएको बताउनुभयो ।

कार्यकारी निर्देशक घिसिङले प्रसारण लाइनका आयोजना निर्माणमा मुख्य रुपमा स्थानीयवासीको अवरोध, जग्गा प्राप्ति र वन क्षेत्रको जग्गा उपभोग तथा रुख कटानमा समस्या रहेका र ती समस्यालाई समाधान गर्दै आयोजनाको काम भइरहेको उल्लेख गर्नुभयो ।

"वन क्षेत्रको जग्गा उपभोग तथा रुख कटान स्वीकृतिका लागि एकातर्फ लामो समय लाग्ने गरेको छ भने अर्कोतर्फ ठूलो रकम सरकारकै अर्को निकायलाई क्षतिपूर्तिस्वरुप तिर्नुपर्ने अवस्था छ, यसले गर्दा आयोजनाको अवधि लम्बिने मात्र होइन हाम्रो उत्पादित विद्युत्को मूल्य महँगो हुँदै गइरहेको छ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो ।

"आगामी दश वर्षलाई देश विकास दशक घोषणा गरी वर्तमान ऐन कानुन व्यापक संशोधन वा प्रतिस्थापन गर्नुपर्ने टड्कारो आवश्यता देखिन्छ, वन क्षेत्रको जग्गा उपभोगलाई सहज बनाउन चालु आवको बजेटमार्फत घोषणा गरिएका कार्यक्रमलाई शीघ्र कार्यान्वयनमा लैजानु पर्छ", उहाँले अगाडि भन्नुभयो ।

सन् २०५० सम्मको विद्युत् माग धान्ने गरी काठमाडौँलगायतका देशका प्रमुख सहरलाई ११ वटा 'क्लस्टर'मा विभाजन गरी प्रसारण तथा सबस्टेसन संरचनाको गुरुयोजना तयार पारिएको उल्लेख गर्दै घिसिङले यसका लागि स्रोत जुटाई क्रमिकरुपमा निर्माण अगाडि बढाइने बताउनुभयो ।

साथै, तराई/मधेसका दक्षिण क्षेत्रमा औद्योगिक तथा सहरी क्षेत्र विस्तारलाई ध्यान दिई हुलाकी राजमार्गको आसपासबाट ४००, २२० र १३२ केभी पूर्व-पश्चिम प्रसारण लाइन निर्माण प्रारम्भ गरिएको उहाँले उल्लेख गर्नुभयो ।

प्राधिकरणकाअनुसार, हाल विभिन्न क्षमताका दुई हजार आठ सय ५२ सर्किट किलोमिटर प्रसारण लाइन निर्माणाधीन छन् । सबैभन्दा बढी १३२ केभीको एक हजार एक सय ११ सर्किट किलोमिटर प्रसारण लाइन निर्माणाधीन छन् । त्यस्तै २२० र ४०० केभीको क्रमशः नौ सय ८८ र सात सय ५४ सर्किट किलोमिटर प्रसारण लाइन निर्माणाधीन छन् । साथै, छ हजार सात सय ५१ सर्किट किलोमिटर निर्माण अगाडि बढाउन प्रस्ताव गरिएको छ । यस्तै, एक सय ३२, दुई सय २० र चार सय केभीका क्रमश : एक हजार एक सय ४१, एक हजार सात सय ५२ र तीन हजार आठ सय ५८ सर्किट किलोमिटर प्रसारण लाइन निर्माण प्रस्ताव गरिएको हो ।

विभिन्न क्षमताका १० हजार चार सय ६९ एमभिए क्षमताका सबस्टेसन निर्माणाधीन छन् भने १५ हजार पाँच सय ६४ एमभिए क्षमताका सबस्टेसन निर्माण प्रस्ताव गरिएको छ ।

# माओवादी केन्द्रद्वारा आइसिटी फोरमको गठन

काठमाडौँ, १० भदौ (रासस) ।

नेकपा (माओवादी केन्द्र)ले आइसिटी फोरम गठन गरेको छ । आइतबार पार्टी कार्यालय पेरिसडाँडामा प्रधानमन्त्रीसमेत रहनुभएका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले रिमोट थिचेर आइसिटी फोरमको विधान खोलेर उद्घाटन गर्नुभयो ।

अध्यक्ष प्रचण्डले पछिल्लो समय हल्लाकै भरमा सङ्गठन बनाउने प्रवृत्ति देखिएको भन्दै सकारात्मक कामामार्फत पार्टीलाई जनतामा स्थापित गर्ने उद्देश्यले फोरम गठन गरिएको बताउनुभयो । "यो सूचना प्रविधिको युग हो, यसको महत्व हामी सबैले बुझ्न जरुरी छ", उहाँले भन्नुभयो, "राजनीतिक दल सफल बनाउनका लागि पनि सूचना प्रविधिको प्रयोग अपरिहार्य बनेको छ ।"

पार्टीको पछिल्लो केन्द्रीय समिति बैठकको निर्णयअनुसार आइसिटी फोरम गठनको निर्णय भएको जानकारी दिनुहुँदै अध्यक्ष प्रचण्डले फोरम 'ग्रास रुट'सम्म विस्तार गर्न निर्देशन दिनुभयो । उहाँले समाजवादको आधार तय गर्नका लागि जनतासम्म पुग्ने गरी काम गर्न पनि निर्देश गर्नुभयो ।

"फोरमले पार्टीका नीति, विचार र कामलाई प्रचारप्रसार गरी जनतामाझ पुऱ्याउन सहयोग गर्नेछ", उहाँले भन्नुभयो, "फोरम गठनले हल्लाकै भरमा सङ्गठन बनाउने परम्परा तोड्दै विचार, सिद्धान्त र नीतिलाई जनतामा स्थापित गर्नेछ ।" पार्टीको तीन महिने अभियान सफल बनाउन सूचना प्रविधिको प्रयोगमा जोड नवगठित फोरमलाई निर्देशन दिनुभयो । सूचना प्रविधिलाई पार्टीले जुन किसिमको महत्व दिएको छ सोहीअनुरुप काम गर्न उहाँले आग्रह गर्नुभयो ।

कार्यक्रम संयोजक माओवादी केन्द्रका केन्द्रीय सदस्य गोविन्द आचार्य आइसिटी फोरमको केन्द्रीय तदर्थ समिति गठन गरिने समेत जानकारी दिनुभयो । कार्यक्रममा अध्यक्ष प्रचण्ड, पार्टीका उपाध्यक्ष एंव प्रवक्ता अग्नि सापकोटा, जनवर्गीय सङ्गठन इन्चार्ज पम्फा भुसाल, सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मालागायतको उपस्थिति थियो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सांसदहरुको आह्वान : सामाजिक सद्भाव कायम राखौं

काठमाडौँ, १० भदौ (रासस) ।

राष्ट्रिसभाका सांसदहरुले सामाजिक सद्भाव कायम राख्न धरानवासीलाई आह्वान गर्नुभएको छ । राष्ट्रिसभाको आइतबार बसेको बैठकको विशेष समयमा सांसदहरुले धरानको 'गोबध' प्रकरणले निम्तिएको विवादले सामाजिक सद्भावलाई खलल पुऱ्याएको भन्दै आपसी भाइचारा र सहिष्णुता कायम गर्न आग्रह गर्नुभएको हो ।

नेकपा (एकीकृत समाजवादी) का सांसद उदयबहादुर बोहराले धरानलगायतका अन्य ठाँउमा आपसी भाइचारा र सामाजिक सदभावलाई खलल पुऱ्याउने क्रियाकलाप दोहोरिन नदिन आग्रह गर्दै सरकारले यसका लागि थप पहलकदमी लिनुपर्ने बताउनुभयो ।

"परापूर्वकालदेखि विभिन्न जनजाति, धर्म सम्प्रदाय, संस्कृतिका नागरिकबीच आपसी सम्मान, सद्भाव कायम राख्दै देश विकासमा एकजुट भई अगाडि आइरहेका छौं", उहाँले भन्नुभयो, "आपसी मतभेद र असहमतिलाई सौहार्दपूर्ण वातावरणबाट समाधान गरी सामाजिक सद्भावलाई कायम राख्न आह्वान गर्दछु ।" सांसद बोहराले पटकपटक संसद् अवरुद्ध हुँदा संसद्को गरिमामा आँच आएकोप्रति प्रतिपक्षका सांसदलाई सचेत हुन आग्रह गर्नुभयो ।

नेकपा(माओवादी केन्द्र) का सांसद भुवनबहादुर सुनारले देश विकास र समृद्धिका लागि एकजुट हुनुपर्ने बेला आपसमा लडाई नगर्न आग्रह गर्नुभयो ।

बैठकमा नेकपा (एमाले) का सांसद भगवती न्यौपानेले धार्मिक सहिष्णुतामा खलल पुग्ने गतिविधि सञ्चालन गराउने समूहदेखि सचेत बन्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "जातीय सद्भावमा खलल पुग्ने गरी जे गतिविधि भइरहेका छन्, त्यो अत्यन्तै दुःखद् छ ।" सांसद न्यौपानेले सर्वोच्च अदालतको फैसलाका बाबजुत कोशी प्रदेशमा गठबन्धनले संविधान मिच्ने काम दोहोऱ्याएको आरोप लगाउनुभयो ।

नेपाली कांग्रेसका सांसद युवराज शर्माले पहिचान र जातीय मुद्दालाई गलत दिशा दिने तत्व सलबलाएको बताउनुभयो । बैठकमा उहाँले देशको अर्थतन्त्रको सुधारका लागि सुझाव दिँदै कृषि, उद्योग, व्यापारलगायत क्षेत्रमा उत्पादन वृद्धि दोब्बर गर्ने नीति अवलम्बन गर्नुपर्ने बताउनुभयो ।

जनता समाजवादी पार्टी नेपालका सांसद मोहम्मद खालिदले कोशी प्रदेशमा सामाजिक सद्भाव कायम राख्नुपर्नेमा जोड दिँदै भन्नुभयो, "घरभित्र आगो लगाउनु कुनै देशभक्ति हैन ।"

बैठकको विशेष समयमा सांसदहरुले प्राकृतिक प्रकोपबाट प्रभावितलाई राहत उपलब्ध गराउन, अवरुद्ध सडकमार्गको तत्काल मर्मत सुधार र स्वास्थ्य बीमाका विषयमा समेत सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

नेकपा(एमाले)का सांसद रामचन्द्र राईले प्रकोपबाट पीडितलाई राहत वितरण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । "सुख्खा क्षेत्र, बाढी, पहिरो, डुबानलगायत प्राकृतिक प्रकोपबाट पीडितलाई यथाशीघ्र राहत उपलब्ध गराउन अनुरोध गर्दछु" , उहाँले भन्नुभयो ।

सांसद राईले बढ्दो महँगीबाट प्रभावित नागरिकलाई राहत दिने योजनादेखि सडक दुर्घटना न्यूनीकरणका लागिसमेत जिम्मेवार बन्न ध्यानाकर्षण गराउनुभयो । उहाँले अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षामा आबद्ध गराउन सबै स्थानीय तहलाई आग्रह गर्नुभयो ।

"वनपैदावार विकास समिति, सागरनाथ वन विकास परियोजना, रतुवामाई वन परियोजनाका कर्मचारीले एक वर्षदेखि तलबभत्ता पाएका छैनन्, त्यसतर्फ सरकारको ध्यान पुगोस्", सांसद राईले ध्यानाकर्षण गराउनुभयो ।

यस्तै एकीकृत समाजवादीका सांसद राजेन्द्रलक्ष्मी गैरेले स्वास्थ्य बीमा बोर्डबाट विभिन्न कारणले हटाइएको स्थानीय स्वास्थ्य संस्थालाई तत्काल पुनःविचार गर्न माग गर्नुभयो । उहाँले लुम्बिनीका आठ संस्था प्रभावित भएको भन्दै त्यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

"सरकारले भनेअनुसार गरेन भन्ने होला, स्थानीय संस्थाले समयमा भुक्तानी नपाउँदा समस्या होला तर आमनेपालीलाई स्वास्थ्य बीमाको हकबाट विमुख गर्न पाइँदैन", उहाँले भन्नुभयो, "लुम्बिनी मेडिकल कलेज र युनाइटेड मिसन अस्पताललाई सूचीबाट हटाउँदा पाल्पा, स्याङ्जा, अर्घाखाँची, पर्वत, गुल्मी, दाङलगायतका बिरामी प्रभावित भएका छन ।"

नेकपा (एमाले)का सांसद सुमित्रा बिसीले कर्णाली प्रदेशमा हवाई र सडक यातायात प्रभावित हुँदा जनजीवनमा पर्न गएको असरबारे सदनलाई ध्यानाकर्षण गराउनुभयो । "हवाई यातायात बन्द भएको धेरै भयो र स्थलमार्गमा समेत सवारीसाधन प्रभावित हुँदा खाद्यान्न सङ्कटको जोखिम बढेको छ", उहाँले भन्नुभयो । उहाँले डङ्गु सङ्क्रमण नियन्त्रणप्रति र नर्सिङ अध्ययनका लागि स्वदेशमा व्यवस्थापनबारे सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेपाली कांग्रेसका सांसद नारायणदत्त मिश्रले लामो समयपछि सदनको अवरोध हटेको भन्दै सदन अवरोधप्रति असन्तुष्टि व्यक्त गर्नुभयो । उहाँले सदन अवरोधको अभ्यासले लोकतन्त्र कमजोर हुनसक्ने बताउनुभयो ।

नेकपा(माओवादी केन्द्र)का सांसद महेशकुमार महराले सुदूरपश्चिम प्रदेशको नौ जिल्लामध्ये सात जिल्ला जोड्ने भीमदत्त राजमार्गको विकल्पमा जोड दिनुभयो । उहाँले अविरल वर्षाका कारण बुढीतोला र खानीडाँडाको सडक मर्मत भइरहेको जानकारी दिँदै त्यसको विकल्पका रुपमा रहेका अन्य सडकको मर्मत हुनुपर्ने बताउनुभयो । उहाँले सहज स्वास्थ्योपचारमा पहुँचको विषयबारे प्रश्न गर्नुभयो । काठमाडौँका सरकारी अस्पतालमा बिरामी भर्ना गर्न भनसुन गर्नुपर्ने अवस्थाको अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो ।

## विभिन्न विपद्को समयमा सतर्क रहौं

### चट्याङको समयमा

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

### भुकम्पको समयमा

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खवर गर्ने ।

### आगलागिको समयमा

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङ्कन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

## विश्व समाचार

### 'भारतसँग मङ्गल र शुक्रग्रहमा पुग्ने सामर्थ्य छ'

तिरुवनन्तपुरम (केरला), १० भदौ (रासस/एएनआई) ।

भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन (इसरो) का अध्यक्ष एस सोमनाथले चन्द्रमा, मङ्गल र शुक्रग्रहको यात्रा गर्न भारत सक्षम रहेको बताउनुभएको छ ।

तिरुवनन्तपुरममा पत्रकारहरूसँग शनिबार राति कुरा गर्दै उहाँले जुनसुकै ग्रहमा पुग्नसक्ने सामर्थ्य भारतको रहेको दाबी गनुर्भयमो । इसरोका वैज्ञानिकको आत्मविश्वास बढाउन आवश्यक भएको उल्लेख गर्दै उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीले प्रस्तुत गरेको लक्ष्य पूरा गर्न इसरो तयार रहेको बताउनुभयो । "हामीलाई थप लगानीको खाँचो छ, अन्तरिक्ष क्षेत्रको विकास गर्नुपर्छ र यसबाट सिङ्गो राष्ट्रको विकास गर्नुपर्छ, त्यो हाम्रो लक्ष्य हो," इसरोले चन्द्रयान-३ परियोजना पर्याप्त लगानीका बाबजुद सफलतापूर्वक सम्पन्न गरेको सुनाउँदै उहाँले भन्नुभयो ।

यसअघि शनिबार नै प्रधानमन्त्री नरेन्द्र मोदी बेङ्गलुरुको इसरो मुख्यालयमा पुग्दा उहाँलाई हार्दिक स्वागत गरिएको थियो । उहाँले तेस्रो चन्द्रयान टोलीमा संलग्न इसरोका महिला वैज्ञानिकका साथै अन्य वैज्ञानिकहरूको टोलीलाई भेटेर अबदेखि हरेक वर्ष अगस्ट २३ लाई राष्ट्रिय अन्तरिक्ष दिवसको रूपमा मनाइने घोषणा गर्नुभएको थियो । गत बुधबार साँझ चन्द्रमाको दक्षिण ध्रुवमा चन्द्रयान-३ सफलतापूर्वक अवतरण भएको थियो । चद्रमाको दक्षिणी ध्रुवमा यान अवतरण गराउने भारत पहिलो देश बनेको छ ।

### जातीय घृणाका कारण अमेरिकामा तीन जना अश्वेत मारिए

वासिङ्टन, १० भदौ (रासस/एपी) ।

जातीय घृणाले प्रेरित एक जना गोराले फ्लोरिडास्थित सहुलियत मूल्यमा उपभोग्य सामग्री बेच्ने पसलमा तीन जना अश्वेतलाई गोली हानेर हत्या गरेका छन् । प्रहरीसँगको झडपपछि उनले आफ्नो पनि ज्यान लिएको अधिकारीहरुले बताएका छन् ।

"आक्रमणकारीले कालो वर्णका मानिसको समूहलाई निशाना बनाएका थिए । उसको परिवारका सदस्यले फेला पारेको घोषणापत्रमा पनि उनीहरूलाई मार्ने उसले गरेको घृणित दृढनिश्चयको विवरण छ," कानुन कार्यान्वयन कार्यालय ज्याक्सनभिलका प्रमुख टीके वाटर्सले २० वर्षीय आक्रमणकारीबारे जानकारी दिँदै बताए ।

विशेषतःअश्वेतहरू अध्ययन गर्ने राज्यको ऐतिहासिक एडवर्ड वाटर्स विश्वविद्यालय नजिक भएको उक्त घटनामा विश्वविद्यालयका कसैलाई हानी नभएको जनाइएको छ । आक्रमणकारी केही दिनअघि विश्वविद्यालय परिसरमा देखिएको थियो ।

आक्रमणको अनुसन्धानमा संलग्न अधिकारीहरूका अनुसार आक्रमणकारीको कुनै आपराधिक वा अन्य सङ्गठित संस्थासँग कुनै संलग्नता नरहेको प्रारम्भिक अनुसन्धानबाट पुष्टि भएको छ । अब केन्द्रीय जाँच ब्युरो (एफबिआई)ले घटनाको विस्तृत अनुसन्धान गर्नेछ । आक्रमाणकारी एक्लैले उक्त घटना गराएको हो ।

### युद्धअभ्यासमा अमेरिकी विमान दुर्घटनाः तीन जना जल सैनिकको मृत्यु

डार्विन, १० भदौ (रासस/एएफपी) ।

संयुक्त राज्य अमेरिकाको ओस्प्रे सैन्य विमान आइतवार युद्धअभ्यासका क्रममा अष्ट्रेलियाको उत्तरमा अवस्थित दुर्गम टापुमा दुर्घटना हुँदा तीन जना जल सेनाका अधिकारीको मृत्यु भएको छ भने पाँच जनालाई गम्भीर अवस्थामा उद्धार गरी डार्विन अस्पतालमा भर्ना गरिएको छ ।

अमेरिकी सैन्य अधिकारीहरूका अनुसार विमानमा २३ जना सैन्य कर्मचारी थिए । अष्ट्रेलियाली प्रहरी दुर्घटनास्थलमा चालक दलका सदस्य तथा बाँकी घाइतेको उद्धारमा सक्रिय रहेको जनाइएको छ । प्रधानमन्त्री एन्थोनी अल्बानीजले घटनाप्रति दुःख व्यक्त गर्नुभएको छ ।

संयुक्त युद्धअभ्यासमा अमेरिका, अष्ट्रेलिया इन्डोनेसिया र फिलिपिन्सका हजारौं सैनिकले भाग लिएका छन् । उत्तरी अष्ट्रेलिया पछिल्ला वर्षमा अमेरिकी सेनाका लागि महत्वपूर्ण रणनीतिक स्थान बनेको छ । एशिया-प्रशान्त क्षेत्रमा चीनको सामना गर्न अमेरिकाले उक्त स्थान सैन्य अभ्यासलाई प्राथमिकता दिएको हो ।

ओस्प्रे विमानको इतिहास त्यति सुखद छैन । यो विमान समस्याग्रस्त रहेको उड्डयन क्षेत्रका जानकार बताउँछन् । हेलिकप्टरको टिल्ट-रोटर र विमानको टर्बोप्रप अर्थात् दुईवटा घुम्ने इन्जिन पनि भएको र विमानका झै पखेटायुक्त द्रुत गतिमा उड्ने ओस्प्रे गत वर्ष नर्वेमा नेटो प्रशिक्षण अभ्यासका क्रममा दुर्घटना हुँदा जल सेनाका चार जना अमेरिकी अधिकारीले ज्यान गुमाएका थिए ।

सन् २०१७ मा अष्ट्रेलियाको उत्तरी तटीय समुद्रमा अवतरण गर्ने क्रममा तीन जना र एरिजोना राज्यमा अभ्यासको क्रममा ओस्प्रे दुर्घटना हुँदा १९ जना मरिन कर्प्सका अधिकारीको प्राणान्त भएको थियो । ओस्प्रे विमान साधारण हेलिकप्टरभन्दा द्रुत गतिमा उड्नसक्छभने सोझै विमानस्थलमा नदौडाइ सोझै उडाउन र अवतरण गर्नसकिन्छ ।

# ललितानिवासमा २ सय ९० जनाविरुद्ध मुद्दा दर्ता

**दैनिक समाचारदाता**
**काठमाडौं, १० भदौ ।**
ललितानिवासको सरकारी जग्गा हिनामिना गरेको प्रकरणमा २ सय ९० जनाविरुद्ध सरकारी लिखत कीर्तेको कसूरमा मुद्दा दर्ता भएको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो सीआईबीले दिएको रायसहितको प्रतिवेदनका आधारमा सरकारी वकिलले आइतबार मुद्दा दर्ता गरेको सरकारी वकिलको कार्यालयका महेश खत्रीले बताए ।

सीआईबीले प्रतिवादीहरुलाई संगठित अपराधको कसूरमा पनि मुद्दा चलाउन सिफारिस गरेको थियो । तर, सरकारी वकिलले संगठित अपराधमा मुद्दा नचल्ने निर्णय गरेको छ ।

सीआईबीले पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाहलाई पनि प्रतिवादी बनाउन सिफारिस गरेको थियो । तर, सरकारी वकिलले शाहलाई प्रतिवादी बनाउनुनपर्ने निर्णय गरेको छ । सीआईबीको अनुसन्धानमा उनले तत्कालीन जिल्ला मालपोत कार्यालय, भक्तपुरको प्रमुख रहँदा भूमाफियालाई सहयोग गर्ने गरी काम गरेको खुलेको थियो ।

त्यसवापत शाहले श्रीमती उर्मिला शाहको नाममा ११ आना २ पैसा जग्गा लिएको सीआईबीको अनुसन्धान प्रतिवेदनमा उल्लेख थियो ।

सुधीर पत्नी उर्मिला शाह र गेहनाथ पत्नी भुवनकुमारी चापागाईंको नाममा कित्ता नं. ३६ को १ रोपनी २ पैसा जग्गा पनि भेटिएको थियो ।

तर, सीआईबीले उनलाई प्रतिवादी बनाएन । बरु सीआईबीले प्रतिवादी बनाउन नपर्ने भनेको सचिव कृष्णबहादुर राउतलाई भने प्रतिवादी बनाउने निर्णय सरकारी वकिलको कार्यालयले गरेको छ ।

ललितानिवासको जग्गाबारे २०४९, २०६०, २०६२, २०६७ र २०६९ सालमा विभिन्न सरकारी निकायबाट निर्णय भएर सरकारी जग्गा व्यक्तिको नाममा दर्ता भएको थियो ।

यो प्रकरणमा १८ अर्ब बिगो दाबी गर्दै मुद्दा दायर गरिएको छ । पुरानो घटना भएकाले यसमा मुलुकी ऐन, २०२० अनुसारको बिगो दाबी माग गरिएको छ ।

# मुद्दाको पेशी तारिख स्वचालित प्रणालीबाट : प्रधानन्यायाधीश

काठमाडौं, १० भदौ (रासस) ।
प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले न्यायका उपभोक्तालाई छिटो र सहजरुपमा न्याय दिने उद्देश्य सोमबारदेखि पेशी तारिखका लागि स्वचालित (अटोमेसन) प्रणाली लागू गर्ने बताउनुभएको छ ।

संवैधानिक तथा न्यायिक पत्रकार मञ्चद्वारा नवनियुक्त प्रधानन्यायाधीश श्रेष्ठलाई बधाई तथा शुभकामना दिन आइतबार आयोजित कार्यक्रममा उहाँले भोलिदेखि उक्त प्रणाली लागू गर्न लागिएको जानकारी दिनुभयो ।

"पहिला सर्वोच्च अदालतमा परीक्षणका रुपमा मुद्दाको पेशी तारिख अटोमेसन प्रणालीबाट सुरु गरिन्छ, परीक्षण सफल भए काठमाडौं जिल्ला अदालत र धेरै मुद्दा भएका अदालतमा प्रयोगमा ल्याइनेछ", प्रधानन्यायाधीश श्रेष्ठले भन्नुभयो । यो प्रविधि सर्वोच्च अदालतको सूचना प्रविधि शाखाले बनाएको भन्दै उहाँले यसको प्रयोग सफल भए न्यायसम्पादनमा सबैलाई फाइदा पुग्ने बताउनुभयो ।

उहाँले न्यायाधीश नियुक्ति प्रक्रिया जतिसक्दो छिटो गर्नका लागि आफू लागिरहेको र सक्षम न्यायाधीश नियुक्ति गरेर न्यायलयप्रति जनआस्थावृद्धिका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । "न्यायाधीश नियुक्ति प्रक्रिया अघि बढिसकेको छ, न्यायाधीशको सङ्ख्या कम हुँदा न्याय सम्पादनमा कठिनाइ भइरहेको छ", प्रधानन्यायाधीश श्रेष्ठले थप्नुभयो, "सक्षम न्यायाधीश नियुक्ति हुनेमा विश्वास दिलाउँछु ।"

नेपालको ३१ औँ प्रधानन्यायाधीशका रुपमा श्रेष्ठ यही भदौ ४ गते नियुक्त हुनुभएको थियो । उहाँले भदौ ५ गते पद तथा गोपनियताको शपथ लिएर पदबहाली गरी कार्यभार सुरु गर्नुभएको हो । मञ्चले लामो समयदेखि न्यायालय र कानुनको क्षेत्रमा कलम चलाउने पत्रकारबीच पुलको भूमिका निर्वाह गर्दै आएको छ ।

# शुल्क वृद्धिको विरोधमा आमरण अनशन

पाटन (ललितपुर), १० भदौ (रासस) ।
इञ्जिनीयरिङ अध्ययन संस्थानले गरेको अस्वभाविक शुल्क वृद्धिको विरोधमा पुल्चोकमा पाँच दिनदेखि आमरण अनशन जारी छ ।

नेपाल विद्यार्थी सङघ ( नेविसङ्घ) पुल्चोक एकाइ सभापति सुलभ चौलागाईं पाँच दिनदेखि आमरण अनशनमा बस्नुभएको छ । आमरण अनसनको पाँचौं दिन नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीले पुल्चोक पुगेर अनशनरत चौलागाईंको अवस्था र मागका बारेमा जानकारी लिनुभएको छ ।

अनशनरत चौलागाईंको अवस्थाको जानकारी लिएपश्चात कांग्रेस नेता केसीले नेपाल विद्यार्थी सङ्घ केन्द्रीय समितिले पनि यस विषयमा गम्भीरताका साथ चासो दिनुपर्ने बताउनुभयो । "विद्यार्थीको मागका विषयमा सम्बन्धित पक्षले ध्यान दिनुआवश्यक छ, विद्यार्थीलाई अनशनमा राखेर इञ्जिनीयरिङ अध्ययन संस्थानका जिम्मेवार व्यक्ति आनन्दसँग निदाउन मिल्दैन, यो विषयको समाधानका लागि नेविसङ्घ केन्द्रीय समितिले पनि गम्भीरताका साथ चासो लिनु आवश्यक छ", उहाँले भन्नुभयो ।

इञ्जिनीयरिङ अध्यायन संस्थानले शुल्क वृद्धि गरेको जानकारी गत साउन ११ गते विभिन्न सञ्चार माध्यम र सामाजिक सञ्जालमा प्रकाशति भएपछि मात्रै जानकारी पाएको नेविसङ्घ लगायतका विद्यार्थी सङ्गठनको भनाइ छ । शुल्क वृद्धिको विरोधमा स्वतन्त्र विद्याथी युनियन, नेविसङ्घ, अनेरास्ववियु र अखिल (क्रान्तिकारी)ले यही भदौ ६ गते सार्वजनिक विज्ञप्तिसमेत जारी गरेका थिए । संस्थानले आर्थिक वर्ष २०८०/८१ देखि लागू हुनेगरी गरी रु तीन लाख १८ हजारबाट रु सात लाख ७५ हजार चार सय २० पुर्‍याएको हो ।

आमरण अनशनस्थलमा भेटिएका पुल्चोक क्याम्पस नेविसङ्का निवर्तमान एकाइ सभापति रमेश केसीले भन्नुभयो, "यो अवैज्ञानिक र अस्वभाविक शुल्क वृद्धिले एउटा ठूलो वर्गको इञ्जिनीयरिङ अध्ययन गर्ने सपना नै तोडिदिएको छ ।" आमरण अनशन सुरु भएदेखि आइतबारसम्म एक सयभन्दा बढी नेविसङ्घका केन्द्रीय सदस्यले उपस्थित भएर साथ दिएको अनशनस्थलमा भेटिएका पश्चिमाञ्चल इञ्जिनीयरिङ क्याम्पसका नेविसङ्घ सभापति प्रदीप पनेरुले जानकारी दिनुभयो ।

# मधेसमा कांग्रेसलाई बलियो बनाउन नेता निधिको आग्रह

महेन्द्रनगर (धनुषा) ९ भदौ (रासस) ।
नेपाली कांग्रेसका केन्द्रीय सदस्य विमलेन्द्र निधिले मधेस प्रदेशमा कांग्रेसलाई बलियो बनाउने गरी काम गर्न आग्रह गर्नुभएको छ ।

शनिबार जनकपुरधामको श्री महाविर युवा किमिटिका कार्यसमितिका नवनिर्वाचित पदाधिकारी तथा सदस्यको पदभार, सपथ ग्रहण र प्रमाणपत्र वितरणको अवसरमा नेता निधिले मधेसमा पहिले जस्तै कांग्रेसलाई बलियो बनाउन सबै जुट्नुपर्ने बताउनुभयो । उहाँले सङ्घीयता बलियो बनाउनुपर्ने भन्दै प्रदेशमा अधिकार प्रत्यायोजन गर्नुपर्नेमा जोड दिनुभयो ।

सो अवसरमा निर्वाचन अधिकृत राकेशविक्रम साहले कमिटीका नवनिर्वाचित अध्यक्ष अजय गुप्ता नेतृत्वको ११ सदस्यीय पदाधिकारी र सदस्यलाई सपथ गराउनुभएको थियो ।

# समाजवादी प्रेस सङ्गठनले असोजभित्र सातै प्रदेश भेला गर्ने

काठमाडौं, १० भदौ (रासस) ।
समाजवादी प्रेस सङ्गठनले आगामी असोजभित्र सातै प्रदेशमा भेला आयोजना गर्ने भएको छ । सङ्गठनको शनिबार सम्पन्न केन्द्रीय कमिटीको बैठकले निर्धारित समयमा ती भेला सम्पन्न गरी सङ्गठनको संरचना र सामर्थ्य विस्तार गर्ने निर्णय गरेको हो ।

बैठकले आमसञ्चार क्षेत्रलाई थप मर्यादित र व्यावसायिक बनाउन, श्रमजीवी पत्रकारका पारिश्रमिक वृद्धि गर्न तथा सामाजिक सुरक्षाको प्रत्याभूति गर्न एवं श्रमजीवी पत्रकारको विभिन्न सञ्चारगृहमा पारिश्रमिक भुक्तानीमा देखिएको समस्या समाधान गर्न सरकारसँग माग गरेको छ ।

बैठकले सङ्गठन सुदृढीकरणका सन्दर्भमा आइपर्ने विभिन्न समस्या निरुपण गर्न, केही रिक्त पदमा भूगोल, प्रदेशको सन्तुलन मिलाएर केही सदस्यलाई जिम्मेवारी तोक्न, आवश्यक रणनीति तय गर्न पदाधिकारी बैठकलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरेको छ ।

अब बस्ने पदाधिकारी बैठकले सङ्गठनको आवश्यक विभाग गठन, सल्लाहकार समिति निर्माण, विभागलाई पूर्णता प्रदान गर्ने छ । सङ्गठन सुदृढीकरण, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार तथा आधारभूत तहसम्म स्थापित गर्न आवश्यक कार्ययोजना, समसामयिक परिस्थितिबारे बैठकमा छलफल गरिएको उपमहासचिव प्रेम गौतमले जानकारी दिनुभयो ।

बैठकमा साङ्गठनिक प्रतिवेदनलगायत मातहतका कमिटीले सम्बन्धित भूगोलमा भए/गरेका कार्यप्रगतिको समीक्षा गर्दै सङ्गठनको नीति, विधानमा छलफल गरिएको थियो । सङ्गठनले आइतबार स्थापना दिवसका अवसरमा विभिन्न कार्यक्रम गरी मनाउने तथा विभिन्न पुरस्कारको घोषणा गर्ने भएको छ ।

डेंगीबाट बचौं
➢ उच्च ज्वरो आउनु।
➢ जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु।
➢ आँखाको गेडी दुख्नु ।
➢ अत्याधिक टाउको दुख्नु ।
➢ शरीरमा राता बिमिराहरू आउनु।
➢ वाकवाकी लाग्नु वा वान्ता हुनु।
यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८११८७

बाढी/पहिरोबाट सतर्क रहौं ।
– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।
जनहीतका लागि : राजविराज दैनिक

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*